# VIS1ON
# नेपाली कांग्रेशको
# सल्यान जिल्ला चुनावी प्रतिज्ञापत्र

**समुन्नत सल्यान, सम्मानित सल्यानबासी**
**आदरणीय आमाबुबा, दिदीबहिनी, दाजुभाइ, युवा तथा सम्पूर्ण सल्यानबासीहरू,**
**जय नेपाल !**

लोकतान्त्रिक मूल्य, सामाजिक न्याय र दिगो विकासको मार्गचित्रसहित नेपाली कांग्रेस सल्यान जिल्ला जनतामाझ प्रस्तुत भएको छ। हाम्रो उद्देश्य केवल चुनाव जित्नु होइन, सल्यानको समग्र रुपान्तरण गर्नु हो । यो प्रतिज्ञापत्र स्थानीय आवश्यकता, भौगोलिक विशेषता, कृषि सम्भावना, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधारको वस्तुगत अध्ययनका आधारमा यो **१० बुँदे प्रतिज्ञापत्र** तयार गरिएको छ।

## १. सम्मानित भएर बाँच्न पाउने सल्यान

हामी सल्यानका हरेक नागरिकलाई सम्मानित भएर बाँच्न पाउने वातावरण निर्माण गर्नेछौं। जात, वर्ग, लिङ्ग वा क्षेत्रका आधारमा हुने सबै प्रकारका विभेद अन्त्य गरिनेछ र समान अवसर सुनिश्चित गरिनेछ । हिंसामुक्त, सुरक्षित तथा कानुनी शासनमा आधारित समाज स्थापना गरिनेछ, जहाँ प्रत्येक नागरिकले आत्मसम्मानका साथ जीवनयापन गर्न सक्नेछ। हामी सरकारको सत्ताको निरन्तरतामा होइन, जनजीवनमा देखिने प्रत्यक्ष सुधारमा विश्वास गर्नेछौं। हामी विकास, सुशासन र सामाजिक न्यायका आधारमा सल्यानलाई समृद्ध जिल्लाको रूपमा स्थापित गर्नेछौं । किसानदेखि युवा, बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म सबैलाई समेटेर सल्यानलाई समृद्ध, आधुनिक र आत्मनिर्भर जिल्लाका रूपमा स्थापित गर्ने हाम्रो अठोट रहनेछ। हिंसामुक्त, सुरक्षित र समावेशी समाज निर्माण गर्दै नागरिकमैत्री प्रशासन तथा कानुनी शासनको पूर्ण प्रत्याभूति गरिनेछ।

## २. सपना देख्न सक्ने र अवसर पाउने सल्यान

हामी सल्यानका युवाहरूलाई स्वदेशमै अवसर उपलब्ध गराउनेछौं। सीप, प्रविधि र नवप्रवर्तनमार्फत उनीहरूलाई भविष्य निर्माणका लागि सक्षम बनाइनेछ। उद्यमशीलता प्रवर्द्धन, सहुलियत ऋण तथा स्टार्टअप सहयोगमार्फत रोजगारी सिर्जना गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको ज्ञान, सीप र पूँजीलाई स्थानीय विकास तथा उत्पादनसँग जोडिनेछ। उच्च मूल्य शृङ्खलायुक्त कृषि तथा अन्य उपजलाई अन्तर्राष्ट्रिय बजारमा ब्रान्डिङ गरी निर्यात गर्ने व्यवस्था मिलाइनेछ, जसले सल्यानका उत्पादनलाई विश्व बजारमा पहिचान दिलाउनेछ र युवाहरूले स्थानीय स्तरमै आफ्नो भविष्य र भरोसा भेट्नेछन्। घरेलु उद्योगमार्फत युवा रोजगार कार्यक्रमलाई प्राथमिकता दिइनेछ तथा साना घरेलु उद्योगहरूको प्रवर्द्धन गर्दै स्थानीय उत्पादन, सीप र स्रोत–साधनलाई आर्थिक समृद्धिसँग जोडिनेछ। सिँचाइ र मलको अभाव अन्त्य गरिनेछ, बीमा तथा भुक्तानी प्रक्रियालाई सरल बनाइनेछ र बजार तथा मूल्य सुनिश्चित गरिनेछ।

महिलाको राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा न्यूनतम ५० प्रतिशत सहभागिता सुनिश्चित गरिनेछ, समान कामका लागि समान पारिश्रमिक लागू गरिनेछ र सबै प्रकारका लैङ्गिक विभेद अन्त्य गरिनेछ। एकल महिला, असहाय तथा अपांगता भएका बालबालिकाका लागि प्रभावकारी सामाजिक सुरक्षा प्रदान गरिनेछ, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ र विपद् व्यवस्थापनमा महिला तथा बालबालिकालाई प्राथमिकता दिइनेछ। प्रत्येक स्थानीय तहलाई धार्मिक तथा पर्यटकीय हबका रूपमा विकास गरिनेछ। विदेशस्थित सल्यानीहरूको तथ्यांक संकलन गरिनेछ र उनीहरूको ज्ञान, सीप तथा पुँजीलाई उद्योग, कलकारखाना तथा उत्पादनमुखी कृषि–पशु व्यवसायसँग जोड्दै सहज लगानी वातावरण सिर्जना गरिनेछ। संसारभर छरिएका सल्यानीहरूको भावना, ज्ञान, सीप र पुँजीलाई मातृभूमिको पुनर्जागरणसँग जोडिनेछ, जसले विदेशिएका सल्यानीलाई फर्कन प्रेरित गर्नेछ र गाउँघरमा रहेकालाई यहीँ सुनौलो भविष्य देखिने जीवन्त सल्यान निर्माण गरिनेछ।

## ३. सम्पत्ति र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने सल्यान

हरेक स्थानीय तहमा औद्योगिक ग्राम स्थापनाका लागि पहल गरिनेछ र स्थानीय युवा तथा महिलालाई रोजगारी तथा उद्यमशीलतामा प्रेरित गरिनेछ। सीपयुक्त श्रमिक तथा जनशक्तिको संख्या वृद्धि गरी औसत पारिवारिक आम्दानी बढाउन पारिवारिक व्यवसाय योजना (Family Business Plan) लागू गरिनेछ। महिला उद्यम कार्यक्रममार्फत महिलालाई आवश्यक सीप, सहुलियत ऋण तथा बजार पहुँच प्रदान गरिनेछ, जसले उनीहरूको आर्थिक सशक्तीकरण सुनिश्चित गर्नेछ। युवालाई आधुनिक सूचना प्रविधिसम्बन्धी सीप तालिम प्रदान गरी रोजगारी र उद्यमशीलताका नयाँ अवसर सिर्जना गरिनेछ। साथै, सल्यानको माटोमा उत्पादन तथा निर्माण हुने वस्तुहरूको अनलाइन मार्केटिङ व्यवस्था मिलाई युवाहरूका लागि थप रोजगारीका अवसर सिर्जना गरिनेछ।

## ४. पेटभर खुवाउने किसानको सल्यान

सल्यानलाई फलफूल, अदुवा, तरकारी, सुन्तला तथा उच्च मूल्यका नगदेबालीको "कृषि हब" का रूपमा विकास गरिनेछ। उत्पादन तथा लगानीमैत्री वातावरण निर्माण गरिनेछ र साना तथा मध्यम उद्योगहरूको विकास गर्दै स्थानीय स्रोत–साधनमा आधारित उद्यम विस्तार गरिनेछ। कृषि क्षेत्रको आधुनिकीकरण गरिनेछ, सिँचाइ सुविधा विस्तार गरिनेछ र मल–बीउको सहज उपलब्धता सुनिश्चित गरिनेछ। हाल सीमित सिँचाइ सुविधा रहेको खेतीयोग्य जमिनमध्ये ७५ प्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुर्‍याइनेछ ।

किसानको उत्पादनलाई उचित मूल्य उपलब्ध गराइनेछ, कृषि बीमा लागू गरिनेछ र कृषि प्रशोधन उद्योग तथा कोल्ड स्टोर स्थापना गरिनेछ, जसले सल्यानलाई व्यावसायिक कृषि केन्द्रका रूपमा स्थापित गर्नेछ । भूधरातलको अध्ययनका आधारमा प्रत्येक स्थानीय तहमा निश्चित क्षेत्रलाई कृषि पकेट क्षेत्रका रूपमा विकास गरिनेछ। जिल्लाको समग्र उत्पादनको प्रभावकारी बजारीकरणका लागि एकीकृत कृषि प्रणाली लागू गरिनेछ, जसबाट किसानहरूले उच्च मूल्य प्राप्त गर्नेछन् । अदुवा सुठो, सुन्तला, अलैंची, आलु, कागती, केरा, स्याउ, किवी, अमिलो, अमला लगायत नगदेबाली तथा फलफूलका लागि "सल्यान विशेष योजना" ल्याइनेछ ।

## ५. ओखती र ओत दिने सल्यान

स्वास्थ्य क्षेत्रलाई समग्र रूपमा सुदृढ बनाइनेछ। जिल्ला अस्पताल तथा स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गरिनेछ र विशेषज्ञ सेवा विस्तार गरिनेछ। मातृ–शिशु स्वास्थ्य सेवा मजबुत बनाइनेछ तथा दुर्गम क्षेत्रमा नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ, जसले नागरिकलाई सर्वसुलभ उपचार सेवा उपलब्ध गराउनेछ । स्वास्थ्य उपचार नागरिकको मौलिक अधिकार हो भन्ने मान्यताका आधारमा प्रत्येक पालिकामा डाक्टरको व्यवस्था मिलाइनेछ । परिवारमा कसैलाई रोग लागेमा उपचार खर्च कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ताबाट सल्यानी नागरिकहरू मुक्त हुनेछन्, र यो लक्ष्य स्वास्थ्य बीमा प्रणालीमार्फत पूरा गरिनेछ । दिर्घ रोग रोकथाम, महामारी नियन्त्रण तथा सामुदायीक स्वास्थ्य सुधारका लागि महिला स्वास्थ्य स्वयंम सेविका परिचालन कार्यक्रम प्रभावकारी एंव सशक्त बनाईनेछ ।

बाल मृत्युदर, मातृ मृत्युदर, हृदयाघातबाट हुने मृत्यु तथा सडक दुर्घटनाबाट हुने मृत्युदर न्यूनीकरण गर्न विशेषज्ञ डाक्टर, नर्स तथा पारामेडिक्स टोलीसहितको आकस्मिक सेवा संयन्त्र निर्माण गरी प्रभावकारी सेवा प्रवाह गरिनेछ । दलित, विपन्न, जनजाति तथा सडक सञ्जाल नजोडिएका घरपरिवारका लागि घरदैलो विशेषज्ञ स्वास्थ्य सेवा प्याकेज लागू गरिनेछ । प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी गर्भवती, सुत्केरी र नवजात शिशुलाई निःशुल्क गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ, पूर्ण खोप सुनिश्चित गरिनेछ, पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ र नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

## ६. छोराछोरी पढाउन आर्थिक भार नपर्ने सल्यान

सल्यान जिल्लाको समग्र शिक्षा क्षेत्रमा गुणस्तरीय सुधार गरिनेछ। प्रत्येक विद्यालयमा आधारभूत पूर्वाधार सुदृढ गरिनेछ तथा डिजिटल कक्षा, विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गरिनेछ। गुणस्तरीय आधारभूत शिक्षालाई सुनिश्चित गरिनेछ र प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरिनेछ, जसले युवालाई रोजगारीमुखी सीप प्रदान गर्नेछ । सबै विद्यालयमा क्रमशः छोटो अवधिका सीपमूलक तथा प्राविधिक कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट आत्मनिर्भरता तथा स्वरोजगारका अवसर सिर्जना गरिनेछन् ।

विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइनेछ, ताकि कुनै पनि बालबालिका शिक्षा अधिकारबाट वञ्चित हुने छैनन । समाजका सबै सरोकारवालासँग सहकार्य गर्दै बालविवाह शून्य अभियान प्रभावकारी रूपमा सञ्चालन गरिनेछ र कानुनी कार्यान्वयन तथा जनचेतनामार्फत बालविवाह पूर्ण रूपमा अन्त्य गरिनेछ । साथै, विद्यालयमा पोषण तथा खेलकुद पूर्वाधार सुधार गरी समग्र शैक्षिक वातावरण सुदृढ गरिनेछ ।

## ७. बेथिति र हैरानीमुक्त विधिको शासन भएको सल्यान

हामी सुशासन र पारदर्शितालाई प्राथमिकता दिनेछौं। सल्यान जिल्लाका सबै सरकारी कार्यालयहरु र स्थानीय तहहरुमा डिजिटल सेवा प्रणाली कार्यान्वयन गरिनेछ र सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखा परीक्षणलाई संस्थागत गरिनेछ । भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ र सेवा प्रवाहलाई छिटो, सहज तथा उत्तरदायी बनाइनेछ। नागरिक सन्तुष्टि सुनिश्चित गर्दै सहभागितामूलक र समन्वयकारी विकासमा समावेशी नीतिको पालन गरिनेछ । बेरुजु तथा भ्रष्टाचारका घटना न्यूनिकरण गर्न विशेष नागरिक संयन्त्र निर्माण गरिनेछ, जसले नागरिकलाई छिटो, सहज र पारदर्शी सेवा प्रवाह सुनिश्चित गर्नेछ ।

## ८. मौलिकतामा गर्व गर्ने आधुनिक सल्यान

सल्यान जिल्लाको मुख्य सडक राष्ट्री राजमार्ग र सल्यान जिल्ला हुँदै अन्य जिल्ला जोडिने सडकको स्तरोन्नति, चौडाइकरण तथा दीर्घकालीन मर्मत–सम्भारको योजना कार्यान्वयन गरिनेछ। मुख्य राजमार्गसँग जोडिएका सबै ग्रामीण सडकहरू बाह्रै महिना चल्ने बनाइनेछन् । पुल, खानेपानी, सिंचाई, ऊर्जा र सञ्चार पूर्वाधार विस्तार गरिनेछ। हामी सडक केवल खोल्ने होइन, दीर्घकालसम्म टिकाउने नीति अवलम्बन गर्नेछौं, जसअन्तर्गत गुणस्तरीय निर्माण, नियमित मर्मत–सम्भार र दिगो व्यवस्थापन सुनिश्चित गरिनेछ। साथै, पहिरो नियन्त्रणका प्रभावकारी उपायहरू लागू गरी सुरक्षित र स्थायी सडक पूर्वाधार निर्माण गरिनेछ ।

सल्यान जिल्लाका रहेका सरकारी कार्यालयहरु तथा स्थानीय तहहरुमा योजना छनोट प्रक्रिया पूर्ण पारदर्शी बनाइनेछ र प्रत्येक योजनामा सामाजिक परीक्षण अनिवार्य गरिनेछ, जसले जनसहभागिता, उत्तरदायित्व र सुशासन सुनिश्चित गर्नेछ। धार्मिक–सांस्कृतिक सर्किट विकासमार्फत ऐतिहासिक, धार्मिक तथा

सांस्कृतिक स्थलहरूलाई आपसमा जोड्दै समग्र पर्यटन प्रवर्द्धन गरिनेछ। होमस्टे कार्यक्रम विस्तार गरी स्थानीय स्तरमै रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गरिनेछ। सहकार्य र समन्वयमा स्थायी सडकलाई पूर्णता दिइनेछ।

शतप्रतिशत घरधुरीमा विद्युत, ईन्टरनेट, खानेपानी र शौचालयको पहुँच सुनिश्चित गरिनेछ। खर्शुवास, कुमाख, झिम्पे, विजयधुरी, मालिका लगायतका लेकहरूमा स्तरउन्नति पदमार्ग तथा आवश्यक भौतिक पूर्वाधार निर्माण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ। खैरावांग तथा छत्रेश्वरी मन्दिरमा भारत र अन्य विदेशि पर्यटकहरूलाई भित्र्याउन भौतिक संरचना र आकर्षक प्याकेज उपलब्ध गराइनेछ। फालाबाङ दरबारको ऐतिहासिक धरोहर पुनर्निर्माणका लागि आवश्यक पहल गरिनेछ। यसरी भौतिक पूर्वाधार, पर्यटन र सेवा पहुँचमा सुधार गर्दै समग्र विकास सुनिश्चित गरिनेछ।

## ९. स्वाभिमानी र पूर्वाधारयुक्त सल्यान

भौतिक पूर्वाधार विकासलाई तीव्रता दिइनेछ। /राप्ती राजमार्ग (NH55) अमेलिया - तुलसीपुर - शितलपाटी - थारमारे - मुसिकोट सडकको स्तरोन्नति, चौडाइकरण, कालोपत्रे तथा दीर्घकालीन मर्मत–सम्भारको दिगो योजना लागू गरिनेछ। पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकता दिइनेछ र कुपिण्डे ताललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ। होमस्टे, पदमार्ग, सांस्कृतिक उत्सव र प्राकृतिक सम्पदाको संरक्षणमार्फत पर्यटनबाट रोजगारी र आयआर्जन वृद्धि गरिनेछ।

राप्ती राजमार्ग हाइवेमा सवार यात्रुहरूको सुरक्षाका लागि आकस्मिक हाइवे स्वास्थ्य सेवा केन्द्र स्थापना गरिनेछ। युवाको जोड, जिल्लाको निचोड भन्ने मुख्य रणनीति बनाई लागू गरिनेछ। डाँडाका वस्तिहरुमा ठूला पानी संकलन ट्यांकी निर्माण गरी पानी आपूर्ति सुनिश्चित गरिनेछ। सल्यानको माटोमा उत्पादन हुने र निर्माण हुने वस्तुहरूको अनलाइन मार्केटिङ व्यवस्था मिलाइनेछ, जसले युवाहरूका लागि रोजगारी सिर्जना गर्नेछ।

भुकम्पबाट जोखिमयुक्त घरहरूको पहिचान र वर्गीकरण गरी साझेदारी अवधारणामा रेट्रोफिटिंग तथा सुरक्षित आवास कार्यक्रम लागू गरिनेछ, जसले नागरिकहरूको जीवन सुरक्षा सुनिश्चित गर्नेछ। राप्ती राजमार्गमा यात्रुहरूको सहजताका लागि आधुनिक शौचालय निर्माण गरिनेछ। सल्यान जिल्लामा नेपालका आन्तरिक तथा विदेशि पर्यटकहरूको आगमन र आकर्षण बढाउन कुपिण्डे तालको बृहत आयोजना ल्याइनेछ। साथै, स्थानीय तहमा निर्माणाधिन वा नयाँ आधारभूत अस्पताल, विद्यालय, क्याम्पस, खानेपानी, सिँचाइ, पुल तथा विद्यालयका फिल्ड निर्माण कार्यलाई निरन्तरता दिइनेछ र पूर्णता सुनिश्चित गरिनेछ।

## १०. समुन्नतिमा लम्कने दिगो सल्यान

हामी वातावरण संरक्षण र दिगो विकासमा पूर्ण रूपमा प्रतिबद्ध रहनेछौं। वन, जलस्रोत तथा जैविक विविधताको संरक्षण गरिनेछ, विपद् व्यवस्थापन योजना लागू गरिनेछ र हरित विकासलाई प्रोत्साहन गरिनेछ। विकासका लाभ सबै समुदायसम्म समान रूपमा पुर्‍याइनेछ, जसले सामाजिक न्यायसहितको समृद्ध सल्यान निर्माण गर्नेछ। यसबाट हुने जोखिम न्यूनिकरणका लागि तटबन्धन र आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ।

जलवायु परिवर्तन, आगलागी, लोपोन्मुख जडीबुटीको खेती र प्रविधि अभावका कारण सल्यानमा पाइने बहुमूल्य वनस्पति तथा जडीबुटी लोप हुँदै गइरहेको अवस्थामा श्रीखण्ड, बिजयसाल, सतिसाल, सुगन्धवाल, चिराइतो, कुरिलो, घिउकुमारी, सुनाखरी, लौठसल्ला, केशर, चोर्था, सुगन्ध कोकिला, सर्पगन्धा, अश्वगन्धा, पिपल, तेजपात, काउलो, रोजमेरी, टिमुर, लालिगुराँस लगायतका वनस्पति तथा जडीबुटीको उत्पादनमा विशेष जोड दिई जिल्लालाई आत्मनिर्भर बनाइनेछ।

"युवाको जोड, जिल्लाको निचोड" भन्ने मूल रणनीति बनाई लागू गरिनेछ। सल्यान जिल्लाको समग्र विकासका लागि दातृ निकाय, संघसंस्था, संचार माध्यम, उद्योग वाणिज्य संघ, यातायात, बौद्धिक वर्ग, जेष्ठ नागरिक, महिला संघ संस्था, सहकारी, वित्तीय संस्था, इन्टरनेट प्रोभाइडर कम्पनी, बीमा संस्था, कृषक, राजनीतिक दल, सरकारी र निजी क्षेत्रसँग निरन्तर र प्रभावकारी समन्वय र साझेदारी गरिनेछ। जिल्ला स्थित सम्पूर्ण निजामति, स्वास्थ्य तथा संस्थानका कर्मचारी, शिक्षक, करार कर्मचारी, संघसंस्थाका कर्मचारीसँग सहकार्य गर्दै आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य, कृषि, पशु, बन र भौतिक पूर्वाधार क्षेत्रहरूको सम्भाव्यताको अध्ययन गरी सल्यानका लागि पंचवर्षीय विस्तृत आवधिक योजनाको खाका तयार गरिनेछ।

जंगली जनावर, विशेष गरी बाघ, बदेल र सर्प जस्ता जनावरबाट नागरिकको जीवन सुरक्षा सुनिश्चित गर्न कार्यक्रम लागू गरिनेछ। सेवा निवृत्त कर्मचारीको नेटवर्क बनाई सामाजिक सद्भाव, एकता, नैतिक शिक्षा, सांस्कृतिक तथा ऐतिहासिक मूल्य मान्यता, दुर्लभ हस्तकला, संगीत, मौलिक परम्परा, ज्ञान र सीपको संरक्षण तथा पुस्तान्तरणमा सम्मानजनक योगदानको लागि समन्वय गरिनेछ।

स्थानीय तहसँगको समन्वयमा घरेलु हिंसा, लैङ्गिक हिंसा, बालविवाह, बालश्रम र मानव बेचबिखन विरुद्ध शून्य सहनशीलता नीति, सुरक्षित आवास, निःशुल्क कानुनी सहायता तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिकाको शिक्षामा पूर्ण पहुँच सुनिश्चित गरिनेछ, छात्रवृत्ति व्यवस्था उपलब्ध गराइनेछ, विद्यालय छाड्ने दर न्यूनीकरण गरिनेछ, महिलाका लागि सीपमूलक तालिम, सहुलियतपूर्ण ऋण तथा उद्यमशीलता प्रवर्द्धन गरिनेछ।

*यसरी जिल्लाको दृष्टिकोणलाई स्थानीय आवश्यकतासँग जोड्दै, हामी समुन्नत, आत्मनिर्भर र सम्मानित सल्यान निर्माण गर्नेछौं। सल्यानको समृद्धि केवल नारामा होइन, कार्यसम्पादनमा देखिनेछ।*

**जय नेपाल!**

**केश बहादुर विष्ट**

**प्रतिनिधिसभा सदस्य उम्मेदवार, सल्यान**